जानकारी पत्र (Briefing Paper)

अङ्क ८ २०६९ चैत्र

मार्टिन चौतारी
www.martinchautari.org.np

# संविधानसभा क्षयीकरणको अन्तर्य (२०६५-२०६९)

## पृष्ठभूमि

संविधानसभा विघटनपश्चात हुँदै आएको राजनीतिक गतिरोध अन्त्य गर्ने प्रक्रियाले केही गति लिएको छ । नयाँ संविधान नबन्दा र व्यवस्थापिका नरहँदा संसद्को गन्तव्य स्पष्ट थिएन र छैन पनि । तथापि नयाँ संविधानसभाको चुनावको लागि प्रधानन्यायाधीशको नेतृत्वमा सरकार गठन गर्न राजनीतिक दलका नेताहरूले सहमति जनाएपछि केही आशा जागेको छ ।

संविधानसभाबाट नयाँ संविधान बनेर पारित नभएसम्म नेपाली नागरिकका आशा र आकांक्षालाई विधिवत् सम्बोधन गर्न नसकिने स्पष्ट छ ।[१] लम्बेतान राजनीतिक अन्योलबाट लोकतान्त्रिक भविष्यतर्फ नेपालीहरू उन्मुख हुँदा बितेको संविधानसभाका अनुभवको लेखाजोखा हुनु पर्छ ।

सामान्य सर्वस्वीकृत तथ्य के हो भने राजनीतिक दलहरूले विगतमा सत्ताको बाँडफाँड र शक्ति सञ्चयतर्फ ध्यान केन्द्रित गरेकाले नयाँ नेपालको संविधान लेख्ने कार्य उपेक्षित भयो । सहमतीय प्रणालीले शक्ति हत्याउने खेल चरम हुन पुग्यो र गतिरोध जन्मियो । संविधानसभाको क्रियाकलापमा एकै पटक धेरै अड्चन आए[२] र संघीयता एवं शासकीय स्वरूपजस्ता मुख्य विवादका विषय सुल्झिन पाएन । तर संविधानसभाको कार्यसञ्चालनसँग सम्बन्धित अरू मुद्दाहरू पनि छन् जसलाई विशेषगरी यसको प्रक्रियासँग जोडेर बुझ्नु आवश्यक छ । विगतका प्रक्रियागत उतारचढावलाई नबुझिकन नयाँ संविधानसभाको माग गर्दा त्यसले लोकप्रिय तथा लोकतान्त्रिक संविधान दिन सक्दैन ।

यस जानकारी पत्रले संविधानसभाको चार वर्षको (२०६५-२०६९) अवधिमा देखिएको सिंगो प्रक्रिया र विशेषगरी सरदर उपस्थिति एवं राजनीतिक प्रतिनिधित्वको तथ्यांक र विश्लेषणलाई अद्यावधिक गर्नेछ ।[३]

---

[१] Bhusan, Bharat. 2012. Nepal: A Passage to Democracy. *Asian Age*, 27 February. http://www.asianage.com/columnists/nepal-passage-democracy-473 (Accessed 1 March 2012).

[२] संविधानसभा सुचारु तवरमा चल्न नसक्नुको पछाडि त्यसलाई चल्न नदिने विरोधका अलावा अन्य पक्षहरूको पनि भूमिका थियो । उदाहरणको लागि, पूर्व-सभासद् रविन्द्र अधिकारीले औँल्याएअनुसार २०६६ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले रूक्माङगत कटुवाललाई हटाउने असफल प्रयत्न गरे पछि संविधानसभा प्रस्टसँग नेकपा (माओवादी) र गैर-माओवादी खेमामा विभाजित भयो । त्यो विभाजन यस्तो रह्यो कि त्यसपछि संविधान लेखनको मस्यौदा तयार गर्न विशेष समितिमा सहमति भएका विषयहरूलाई उल्ट्याइयो र पुनः बहस प्रारम्भ गरियो । अधिकारी, रविन्द्र । २०६९ । एक पूर्व-सभासद्को बयान । *कान्तिपुर* (कोसेली), ९ असार, पृ. ङ ।

[३] यस अघिका *नीति पत्र*मा संविधानसभाको अन्य व्यवस्थापकीय भूमिकासमेतलाई विश्लेषण गरिएको थियो । यो जानकारी पत्र संविधान लेखनसम्बन्धी कार्यमा मात्र केन्द्रित छ । संविधान लेखन र सहभागितासम्बन्धी यस अघिका विवरणका लागि मार्टिन चौतारीको *नीति पत्र* ४, 'संविधानसभामा उपस्थिति र सहभागिता' असोज २०६७ र *नीति पत्र* ५, 'समयसीमा, लोकतन्त्र तथा लोकप्रिय एवं लोकतान्त्रिक संविधान', जेठ २०६८ हेर्नुहोस् ।

हाजिरी किताब र राजनीतिक समावेशी सहभागितामा केन्द्रित बहसले उत्तरदायित्व र पारदर्शीताका बुँदा उजिल्याउन सहयोग पुग्छ । संविधानसभा निर्वाचन पछिका सरकारहरू कति समावेशी रहे भनेर ठम्याउन राजनीतिक दलका नेताहरूले दिएका आश्वासन कति साकार भए भनेर पहिल्याउन सकिन्छ । संविधानसभामा उपस्थितिमाथि केन्द्रित हुँदा संविधान लेख्न छानिएका प्रतिनिधिहरूको गतिविधिबारे अन्तरदृष्टि सम्भव हुने छ । मतदाताहरूले आफ्ना प्रतिनिधि एवं राजनीतिक नेतृत्वलाई उत्तरदायी बनाउन सक्ने सूचना यस्ता विश्लेषणबाट पाउने छन् । दस वर्षे द्वन्द्व र लोकतान्त्रिक आन्दोलनपछि आएको संविधानसभा नागरिकहरूले प्रारम्भमा अपेक्षा गरे जसरी किन र के-कस्ता कारणले गर्दा सञ्चालन हुन सकेन भनेर बुझ्नु यो जानकारी पत्रको मुख्य चासो हो ।

दलीय नेतृत्व तह र विभिन्न सामाजिक सरोकारका उपस्थितिसम्बन्धी तथ्यांक र प्रवृत्तिको विश्लेषणबाट यो जानकारी पत्र थालिने छ । संविधानसभा गठनपछि बनेका सरकारहरूमा रहेका विभिन्न समूहको प्रतिनिधित्वमाथि दोस्रो खण्ड केन्द्रित हुने छ । केही टिप्पणीसहित टुङ्ग्याउनु पूर्व अन्तिम खण्डमा संविधानसभालाई लोकतान्त्रिक हिसाबले प्रयोजनहीन बनाउने आधारभूत पक्षहरूको विश्लेषण गरिने छ ।

## उपस्थितिको सवाल

मार्टिन चौतारीका पूर्वप्रकाशित *नीति पत्र*मा हाजिरी-रिकर्ड विश्लेषण गर्दा जवाफदेहीता र पारदर्शीताका सवाललाई बुझ्ने सन्दर्भमा केही सीमा रहेको औँल्याइसकिएको छ । जस्तै सभासद्हरू हाजिर गरेर निस्कन सक्थे ।[४] मार्टिन चौतारीको त्यस *नीति पत्र*मा देखाइएको केही व्यक्तिका उच्च उपस्थिति प्रतिशतमाथि सभासद्हरूले प्रश्न उठाए । उनीहरूले संविधानसभामा नेताहरूको अनुपस्थिति र विशेष गरी हाजिर गरेर फर्किने,[५] सत्रको समयभन्दा एक घण्टा अघि र पछि हाजिरी खाता खुलै राख्ने तथा आफ्नो सही गरिदिनको लागि कर्मचारीलाई रकम बुझाउने जस्ता अभ्यासतर्फ इंगित गरे ।[६] तथापि मार्टिन चौतारीको विश्लेषणले औँल्याएको संविधानसभामा धेरै सदस्यको अनुपस्थिति बहसको विषय भने बन्न सकेन ।

चार वर्षको अवधिमा संविधानसभाको पूर्ण बैठक सत्र जम्मा १२२ पटक बस्यो ।[७] पहिलो दुई वर्षमा (२०६५-२०६७) १०१ पटक, थपिएको तेस्रो वर्षमा (२०६७-२०६८) आठ पटक र अन्तिम वर्षमा (२०६८-२०६९) १३ पटक बैठक बस्यो ।[८] चार वर्षको औसत हाजिरी ६१.६६ प्रतिशत रह्यो । यो संख्या प्रारम्भिक दुई वर्षको ६३ प्रतिशत[९] उपस्थितिको हाराहारीमा छ भने तेस्रो वर्षको ५८ प्रतिशतभन्दा बढी छ ।[१०] तथापि यी अवधिमा बसेको बैठक संख्या फरक थिए । २०६७-२०६८ मा आठ पटक मात्र बैठक बस्यो भने २०६८-२०६९ सालमा केवल १३ पटक बैठक बस्यो । मुख्य कुरा त संविधानसभाको सम्पूर्ण अवधिभरि केवल दुईतिहाई प्रतिनिधिहरूले यी बैठकहरूमा भाग लिए । फरक शब्दमा, एक दशकको द्वन्द्व र बृहत् जनआन्दोलनपछि नयाँ नेपालको लागि संविधान लेख्न भनेर नेपाली नागरिकले चुनेका एकतिहाई प्रतिनिधि अनुपस्थित रहे ।[११]

सबै दलहरूको उपस्थिति दर चित्र १ मा समेटिएको छ । प्रमुख तीन दलको उपस्थिति दर औसत देखिन्छ । एकीकृत नेकपा (माओवादी) को उपस्थिति ६१.२९ प्रतिशत छ । यो संख्या औसत उपस्थिति दरभन्दा अलि थोरै हो । नेपाली काँग्रेस (नेकाँ) र नेकपा (एमाले) को उपस्थिति क्रमशः ६३.५४ र ६७ प्रतिशत छ, जुन औसतभन्दा अलि धेरै हो । मार्टिन चौतारीका पहिलेका *नीति पत्र*मा औँल्याइएअनुसार मधेसी दलहरूले औसतभन्दा कम आ-आफ्नो उपस्थिति दर्ज गरे । नेपाल सद्भावना पार्टी र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) सबैभन्दा तल ४० प्रतिशतको हाराहारीमा रहे । एकजना मात्र प्रतिनिधि भएको नेपाः राष्ट्रिय पार्टीको उपस्थिति ८५.२५ प्रतिशत रह्यो । समग्रमा स्वतन्त्र प्रतिनिधिलगायत सबै राजनीतिक दलहरूको औसत उपस्थिति प्रारम्भिक दुई वर्षमा देखिए जस्तै रह्यो ।[१२]

[४] विस्तृत विवरणका लागि मार्टिन चौतारीको *नीति पत्र* ४, 'संविधानसभामा उपस्थिति र सहभागिता', असोज २०६७, पृ. ३ हेर्नुहोस् ।

[५] मार्टिन चौतारीले तत्कालीन सभासद्सँग गरेको अन्तर्वार्ता, १६ साउन २०६८ ।

[६] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १८ असोज २०६९ ।

[७] संविधानसभाको चार वर्षको समयावधिमा पहिला नै मिति तोकिएका सभाका बैठकहरू २५ पटक पछि सारिएको थियो । तीमध्ये अधिकांश संविधानसभा म्याद सकिने अन्तिम महिनामा भए । १ वैशाख २०६९ देखि १४ जेठ २०६९ को बीचमा केवल दुइटा बैठक बस्यो । यसपछि संविधानसभाको लागि तोकिएको कुनै पनि बैठक बसेन र १४ जेठ २०६९ मा बैठक नबसिकन संविधानसभा विघटन भयो ।

[८] संविधानसभाको बैठक जम्मा ३८२ घण्टा बस्यो । बैठकको औसत समयावधि तीन घण्टा आठ मिनेट रह्यो । तीमध्ये सबैभन्दा कम पाँच मिनेटको र सबैभन्दा बढी आठ घण्टाको बैठक थियो ।


[९] विस्तृत विवरणको लागि मार्टिन चौतारीको *नीति पत्र* ४, 'संविधानसभामा उपस्थिति र सहभागिता', असोज २०६७ हेर्नुहोस् ।

[१०] विस्तृत विवरणको लागि मार्टिन चौतारीको *नीति पत्र* ५, 'समयसीमा, लोकतन्त्र तथा लोकप्रिय एवं लोकतान्त्रिक संविधान', जेठ २०६८ हेर्नुहोस् ।

[११] पहिलो दुई वर्षमा भएको न्यून उपस्थितिसम्बन्धी उपलब्ध तर्कहरूको लागि मार्टिन चौतारीको *नीति पत्र* २, 'सुस्त गतिमा संविधान लेखन प्रक्रिया', कात्तिक २०६६, पृ. ७-१० र *नीति पत्र* ४, 'संविधानसभामा उपस्थिति र सहभागिता', असोज २०६७, पृ. १०-१२ हेर्नुहोस् ।

[१२] विस्तृत विवरणको लागि मार्टिन चौतारीको *नीति पत्र* ४, 'संविधानसभामा उपस्थिति र सहभागिता', असोज २०६७ हेर्नुहोस् ।

चित्र १ : राजनीतिक दलहरूको संविधानसभामा औसत उपस्थिति दर[१३]




तालिका १ : समग्र चार वर्षमा बढी उपस्थित हुने प्रतिनिधि

| क्र.सं. | नाम | दल | उपस्थिति % मा |
|---|---|---|---|
| १. | अग्नि खरेल | नेकपा (एमाले) | ९६.७२ |
| २. | लक्ष्मणप्रसाद घिमिरे | नेकाँ | ९५.०८ |
| ३. | मनबहादुर महतो | नेकाँ | ९३.४४ |
| ४. | चन्द्रिराम टमटा | नेकाँ | ९२.६२ |
| ५. | सूर्यबहादुर सेन | एनेकपा (माओवादी) | ९१.८० |
| ६. | भीमप्रसाद आचार्य | नेकपा (एमाले) | ९१.८० |
| ७. | ध्यानगोविन्द रञ्जित | नेकाँ | ९१.८० |
| ८. | राजेन्द्रकुमार खेतान | नेकपा (माले) | ९०.६८ |
| ९. | कल्याणी रिजाल | नेकाँ | ९०.१६ |
| १०. | गोपालसिंह बोहरा | नेकपा (एमाले) | ९०.१६ |

तालिका २ : समग्र चार वर्षमा बढी गयल हुने प्रतिनिधि

| क्र.सं. | नाम | दल | उपस्थिति % मा |
|---|---|---|---|
| १. | शेरबहादुर देउवा | नेकाँ | २.४६ |
| २. | पुष्पकमल दाहाल | एनेकपा (माओवादी) | ६.५६ |
| ३. | राजेन्द्र महतो | सद्भावना | १२.३० |
| ४. | सरोजकुमार यादव | सद्भावना | १५.५७ |
| ५. | शरदसिंह भण्डारी | मजअफो | १६.३८ |
| ६. | खोभारी राय | सद्भावना | १६.३९ |
| ७. | विजयकुमार गच्छेदार | मजअफो | १७.२१ |
| ८. | उपेन्द्र यादव | मजअफो | १८.०३ |
| ९. | रामबहादुर थापा बादल | एनेकपा (माओवादी) | १८.८५ |
| १०. | कृष्ण बहादुर महरा | एनेकपा (माओवादी) | १८.८५ |

## सन्दिग्ध नेतृत्व

संविधानसभाको मध्यतिर एकजना वरिष्ठ राजनीतिक नेता एवं सभासद्ले राजनीतिक दलको नेताहरूबारे यस्तो प्रतिक्रिया दिएका थिए, "उनीहरूले आफ्ना सभासद्लाई बाटो देखाउनु पर्ने हो, त्यो भइरहेको छैन ।"[१४] संविधानसभाको प्रारम्भिक दुई वर्षमा स्थापित उदाहरण र प्रवृत्तिलाई आधार मान्दा तालिका १ र २ मा माथिल्ला दस र तल्ला दस सहभागी सभासद्हरूको नाम दिइएको छ ।

नेकपा (एमाले) का अग्नि खरेल र नेकाँका लक्ष्मणप्रसाद घिमिरेको ९५ प्रतिशतभन्दा बढी उपस्थिति रह्यो भने नेकाँका शेरबहादुर देउवाको उपस्थिति २.४६ प्रतिशत तथा एमाओवादीका पुष्पकमल दाहालको ६.५ प्रतिशत मात्र रह्यो । संविधानसभाका केही कहलिएका राजनीतिक नेताहरूको उपस्थितिको लगत तालिका ३ मा देखाइएको छ ।

तालिका ३ : केही प्रभावशाली र चिनिएका राजनीतिज्ञहरूको उपस्थिति

| क्र.सं. | नाम | दल | उपस्थिति % मा |
|---|---|---|---|
| १. | आरजु राणा देउवा | नेकाँ | २३.७७ |
| २. | प्रदीप गिरी | नेकाँ | २६.२३ |
| ३. | रेणुकुमारी यादव | मजअफो | २७.०५ |
| ४. | बाबुराम भट्टराई | एनेकपा (माओवादी) | २७.८७ |
| ५. | माधवकुमार नेपाल | नेकपा (एमाले) | २८ |
| ६. | झलनाथ खनाल | नेकपा (एमाले) | २९.५१ |
| ७. | नारायणमान बिजुक्छे | नेमकिपा | ३६.०७ |
| ८. | महन्थ ठाकुर | तमलोपा | ३८.१८ |
| ९. | हिसिला यमी | एनेकपा (माओवादी) | ४२.६५ |
| १०. | विमलेन्द्र निधी | नेकाँ | ४५.९० |
| ११. | गगन थापा | नेकाँ | ४५.९० |
| १२. | राजकिशोर यादव | मजअफो | ४६.७२ |
| १३. | पम्फा भुसाल | एनेकपा (माओवादी) | ४८.३६ |
| १४. | चन्द्रप्रकाश गजुरेल | एनेकपा (माओवादी) | ४८.३६ |
| १५. | रामशरण महत | नेकाँ | ४९.१८ |
| १६. | जयपुरी घर्ती | एनेकपा (माओवादी) | ५० |
| १७. | परि थापा | नेकपा (एकीकृत) | ५०.८२ |

---

[१३] तुलनात्मक सन्दर्भको लागि राजनीतिक दलहरूको सदस्यहरूसम्बन्धी तथ्यांक संविधानसभाको प्रारम्भताका उपलब्ध सदस्य-सूचीमा आधारित छ । राजनीतिक दलहरूभित्रको विभिन्न गुटहरूबारे पछिल्लो विश्लेषणको लागि हेर्नुहोस् : International Crisis Group. 2012. *Nepal's Constitution (II): The Expanding Political Matrix.* 27 August.


[१४] तत्कालीन सभासद्सँग मार्टिन चौतारीले गरेको अन्तर्वार्ता, ९ फागुन २०६६ ।

| क्र.सं. | नाम | दल | उपस्थिति % मा |
|---|---|---|---|
| १८. | रामचन्द्र पौडेल | नेकाँ | ५१.६४ |
| १९. | हृदयेश त्रिपाठी | तमलोपा | ५९.०२ |
| २०. | नबोदिता चौधरी | राप्रपा | ५९.०२ |
| २१. | सरिता गिरी | नेसपा (आनन्दीदेवी) | ५९.८४ |
| २२. | वर्षमान पुन मगर | एनेकपा (माओवादी) | ६०.६६ |
| २३. | नरहरि आचार्य | नेकाँ | ६१.४८ |
| २४. | प्रतिभा राणा | राप्रपा | ६२.३० |
| २५. | रविन्द्र अधिकारी | नेकपा (एमाले) | ६७.२१ |
| २६. | सपना प्रधान मल्ल | नेकपा (एमाले) | ७१.३१ |
| २७. | पोष्टबहादुर बोगटी | एनेकपा (माओवादी) | ७२.१३ |
| २८. | नारायणकाजी श्रेष्ठ | एनेकपा (माओवादी) | ७२.८८ |
| २९. | अमृता थापा मगर | एनेकपा (माओवादी) | ७२.९५ |
| ३०. | विन्दा पाण्डे | नेकपा (एमाले) | ७४.५९ |

### *वियुक्त उपस्थिति*


उपस्थिति लगतलाई छुट्ट्याएर विश्लेषण गर्दा रोचक पक्ष देखा पर्छ । पहिलेझैँ फेरि पनि महिला सभासद्हरूको उपस्थिति चार वर्षको अवधिमा ६५.१५ प्रतिशत रह्यो जुन तिनका पुरुष सहकर्मीहरूको ५८ प्रतिशतभन्दा धेरै हो (चित्र २) ।

चित्र २ : लिंगीय हिसाबमा उपस्थिति दर





चार वर्षको अवधिमा उपस्थितिको प्रवृत्तिलाई विश्लेषण गर्दा महिला सभासद्हरूको उपस्थिति पुरुषहरूको तुलनामा उपल्लो छ । तेस्रो वर्षमा तिनको उपस्थिति दरबीचको दूरी साँघुरिए पनि अन्तिम वर्षमा आएर धेरै फरक हुन गएको छ (चित्र ३) ।

चित्र ३ : लिंगीय हिसाबमा उपस्थितिको प्रवृत्ति (२०६५-६९)




विभिन्न सामाजिक समूहहरूको उपस्थिति हेर्दा, पहाडी दलितले ६९ प्रतिशतसहित उच्च उपस्थिति जनाएका छन् भने मारवाडीले ५० प्रतिशतसहित सबैभन्दा कम उपस्थिति जनाएका छन् (चित्र ४) ।


चित्र ४ : विभिन्न सामाजिक समूहको उपस्थिति दर




चार वर्षको अवधिमा विभिन्न सामाजिक समूहहरूको उपस्थितिको बेग्लै पक्ष भेटिन्छ (चित्र ५) । लैंगिक समूहलगायत सबै सामाजिक समूहहरूको उपस्थिति तेस्रो वर्षमा घटेको देखिन्छ (त्यो वर्ष जम्मा आठ पटक मात्र बैठक बसेको थियो) ।[१५] उपस्थितिको यो घट्दो क्रम मधेसीहरूमा ठूलो देखियो । अन्तिम वर्षमा

[१५] पहिलो बैठक (जसले एघारौं पटक संविधानसभाको कार्ययोजना संशोधन गऱ्यो), चौथो बैठक (जसले विषयगत समितिमा भएका मतभेदहरू सुल्झाउन संवैधानिक समितिलाई प्राधिकार दिँदै संविधानसभाको नियमावली संशोधन गऱ्यो), र सातौ बैठक (जसले विवादित विषयहरूलाई राज्य पुनर्संरचना र राज्यको शक्ति बाँडफाँड समितिबाट संवैधानिक समितिमा पठायो) को अलावा सबै बैठकहरू प्रशासनिक विषयमा केन्द्रित भएकाले सम्भवतः तेस्रो वर्षमा उपस्थिति न्यून रह्यो । नेपालमा सहभागितामूलक संविधान निर्माणको लागि सहयोग आयोजनाअन्तर्गत 'संविधान निर्माणको ताजा स्थिति' शीर्षकमा युएनडिपिले अभिलेखबद्ध गरेको सूचनाअनुसार, "असहमतिका बाँकी मतभेदहरू मिलाउन संविधान निर्माणसम्बन्धी तात्त्विक काम संविधानसभाका २७ राजनीतिक पार्टीहरूले प्रतिनिधित्व गर्ने उच्चस्तरीय कार्य दल र संवैधानिक समितिका उप-समितिले गरेका थिए ।" हेर्नुहोस् http://www.ccd.org.np/index.php?cipid=11 (Accessed on 4 January 2013).


चित्र ५ : विभिन्न सामाजिक समूहको उपस्थिति प्रवृत्ति (२०६५-२०६९)





सबै समूहहरूको बढी उपस्थिति हुन थाले पनि (महिलाको तथ्यांकले पनि यही देखाएको छ) मारवाडी समूहको उपस्थिति भने चार वर्षभरि नै क्रमशः घट्दै गयो । मारवाडीलगायत मधेसी र मुस्लिम सभासद्ले पहिलो वर्षको तुलनामा अन्तिम वर्षमा धेरै कम हाजिरी जनाए ।

चुनाव प्रणालीको आधारमा उपस्थितिको तथ्यांकलाई हेर्दा समानुपातिक निर्वाचन प्रणालीबाट मनोनित भएका सभासद्को उपस्थिति चार वर्षमा ६३.३६ प्रतिशत देखियो । यो दर प्रत्यक्षबाट निर्वाचित उम्मेदवारको भन्दा बढी हो, जुन चार वर्षसम्म कायमै रह्यो (चित्र ६) ।

चित्र ६ : निर्वाचन प्रणालीको आधारमा उपस्थिति




चित्र ७ : निर्वाचन प्रणालीको आधारमा उपस्थितिको प्रवृत्ति (२०६५-२०६९)





## प्रतिनिधित्वको व्यवहारलाई फर्केर हेर्दा

मार्टिन चौतारीका पूर्वप्रकाशित *नीति पत्र*मा औँल्याइएअनुसार बृहत् शान्ति सम्झौताको अधिकांश भाग बहिष्कृत समूह र सत्ताबाट ती समूहको सीमान्तीकरणका सवालसित सम्बन्धित थियो । संविधानसभाको निर्वाचनपछि चार पटक गठबन्धन सरकार बने । ती सरकारहरूको नेतृत्व दुई पटक एनेकपा (माओवादी) ले र दुई पटक नेकपा (एमाले) ले गर्‍यो ।

संविधानसभा निर्वाचनपछि बनेका चार सरकारहरूको स्वरूप विश्लेषणले फरक विचारधारा बोकेका राजनीतिक नेताहरूले समावेशी र समानुपातिक प्रतिनिधित्वबारे दिएका अनेकौँ प्रतिबद्धतालाई बेवास्ता गरेको कुरा स्पष्ट पार्छ । चित्र ८ ले यी सरकारहरूमा दलित, जनजाति र महिलाको न्यून उपस्थितिलाई देखाउँछ भने मधेसीहरूको सन्दर्भमा तिनले भर्खरै हासिल गरेका राजनीतिक शक्ति झल्कने गरी बढी सहभागिता देखाउँछ ।


संविधानसभा निर्वाचनपछिका सबै सरकारहरूमा सामाजिक समूहहरूको सहभागिता करिब उस्तै रह्यो । बाबुराम भट्टराईको सरकारमा पनि उनीहरूको संख्यामा परिवर्तन भएन (चित्र ९) । दलित र जनजातिको प्रतिनिधित्व कमै रह्यो भने अन्य समूह र मधेसीहरूको प्रतिनिधित्व उनीहरूको राष्ट्रिय जनसंख्याको अनुपातभन्दा बढी रह्यो ।

चित्र ८ : संविधानसभा निर्वाचनपछिका सरकारहरूमा सामाजिक समूह[16]का आधारमा प्रतिनिधित्व





| | दाहाल सरकार | नेपाल सरकार | खनाल सरकार | भट्टराई सरकार | राष्ट्रिय जनसंख्या |
|---|---|---|---|---|---|
| दलित | ३.८५% | ६.८२% | ५.८८% | ३.१७% | ११.८०% |
| जनजाति | ३४.६२% | २०.४५% | २३.५३% | २३.८१% | ३७.२०% |
| मधेसी | २६.९२% | २७.२७% | १७.६५% | ३१.७५% | १४.८०% |
| मुस्लिम | ०.००% | ६.८२% | ५.८८% | १.५९% | ४.३०% |
| अन्य | ३४.६२% | ३८.६४% | ४७.०६% | ३९.६८% | ३०.९०% |

चित्र ९ : संविधानसभा निर्वाचनपछिका सरकारहरूमा सामाजिक समूहहरूको समग्र उपस्थिति




संविधानसभामा रहेको ३३ प्रतिशत महिला प्रतिनिधित्वको कुरा बहुचर्चित भए पनि संविधानसभा पछिका सरकारहरूमा महिलाको प्रतिनिधित्व न्यून रह्यो । बाबुराम भट्टराईको सरकारमा सबैभन्दा बढी २१ प्रतिशत महिला थिए (चित्र १०) ।[17] त्योभन्दा पहिले पुष्पकमल दाहाल, माधवकुमार नेपाल र झलनाथ खनालले नेतृत्व गरेको सरकारमा महिला प्रतिनिधित्व १३ प्रतिशत[18] रहेको थियो भने बाबुराम सरकारसहितको समग्र प्रतिनिधित्व १५.५ प्रतिशत पुगेको थियो ।

चित्र १० : संविधानसभा निर्वाचनपछिका सरकारहरूमा लिंगीय प्रतिनिधित्वको स्थिति




| | दाहाल सरकार | नेपाल सरकार | खनाल सरकार | भट्टराई सरकार |
|---|---|---|---|---|
| महिला | १५.३८% | ११.३६% | ११.७६% | २०.६३% |
| पुरुष | ८४.६२% | ८८.६४% | ८८.२४% | ७९.३७% |

क्षेत्रीय सहभागिताको दृष्टिबाट अघिल्ला तीन सरकारको तुलनामा बाबुराम भट्टराईको सरकारमा सुदूरपश्चिम (यहाँ १ प्रतिशत वृद्धि) र मध्यमाञ्चलबाहेक सबै क्षेत्रको प्रतिनिधित्व घटेको देखिन्छ (चित्र ११) । ऐतिहासिक हिसाबले प्रभावशाली मध्यमाञ्चलले करिब ३ प्रतिशत बढी उपस्थिति (४४ प्रतिशतबाट ४६.७१ प्रतिशत) दर्ज गऱ्यो ।[19]

संक्रमणकालका सरकारहरूले राजनीतिक शक्तिमा सीमान्तकृतहरूको पहुँचको दृष्टिबाट 'नयाँ नेपाल' बारे दिएका आश्वासनमाथि थोरै ध्यान दिएका छन् । संविधानसभा पछिका गठबन्धन सरकारहरूले 'सहमति' को नाममा केवल राजनीतिक सत्तामा कब्जा जमाउन गठजोडलाई प्रमुखता दिए । राज्य संयन्त्रमा समानुपातिक समावेशीको अवस्था ल्याउन कानुन र नीतिहरू लागू गर्नेतिर ध्यान दिएनन् । सीमान्तकृत सामाजिक समूह र भौगोलिक क्षेत्रहरूको लागि विगतका ऐतिहासिक बहिष्करणको अभ्यासको पुनरावृत्ति भइरह्यो ।

---


[16] मार्टिन चौतारीको विगतका विश्लेषणसँग तादाम्यता मिलाउन तुलनात्मक उद्देश्यलाई ध्यान दिँदै वि.सं. २०५८ को जनगणनाको तथ्यांक नै प्रयोग गरिएको छ ।

[17] बाबुराम भट्टराईको मन्त्री परिषद् चार पटक हेरफेर गरिएको थियो । पछिल्लो मन्त्री परिषद्मा महिलाको सहभागिता रहेन तर बाबुरामको समग्र कार्यकालमा महिलाहरूको सबैभन्दा बढी सहभागिता दोस्रो मन्त्री परिषद्मा थियो । उक्त समयमा २२ राज्य मन्त्रीहरूमध्ये ८ जना महिला भएकोले समग्र मन्त्री परिषद्को लैंगिक स्थिति बढी देखिएको हो ।

[18] विस्तृत विवरणको लागि मार्टिन चौतारीको *नीति पत्र* ५, 'समयसीमा, लोकतन्त्र तथा लोकप्रिय एवं लोकतान्त्रिक संविधान', जेठ २०६८, पृ. ८-९ हेर्नुहोस् ।

[19] बाबुराम भट्टराईको सरकार बन्नु पहिलेका अन्य सरकारहरूमा क्षेत्रीय प्रतिनिधित्वको स्थिति यस्तो थियो : सुदूरपश्चिम २ प्रतिशत, पूर्व २२ प्रतिशत, पश्चिम १४ प्रतिशत, मध्यपश्चिम १७ प्रतिशत र मध्य ४४ प्रतिशत ।

चित्र ११ : संविधानसभा निर्वाचनपछिका सरकारहरूमा क्षेत्रीय प्रतिनिधित्वको स्थिति




## सहमतीय उल्लङ्घन

ऐतिहासिक असन्तुष्टिलाई समावेशी एवं लोकतान्त्रिक राजनीतिक संस्कारमार्फत आकार दिने थलोको रूपमा संविधानसभालाई शान्ति प्रक्रियाकै अंग स्वरूप लिइएको थियो । तथापि प्रारम्भिक चरणको उल्लासोन्माद चार वर्षको अन्तरालमा संविधानसभा र त्यसको प्रतिनिधिहरूप्रतिको आम अविश्वासमा परिणत भयो । संविधानसभाको अप्रत्यासित विघटनले झन् राजनीतिकर्मीप्रति आमजनसमुदायको शंका बढाएको छ । संविधानसभाको औपचारिक विघटन १४ जेठ २०६९ मा भए पनि लोकतान्त्रिक विधिबाट छानिएका प्रतिनिधिहरूले संविधान लेख्ने कार्यलाई संविधानसभाभित्रै धेरै अघि भताभुङ्ग पारे ।

संविधानसभाले औपचारिक स्थायित्व पाएदेखि नै राजनीतिक नेताहरूको नियमित अनुपस्थिति संविधानसभाको लोकतान्त्रिक एवं प्रक्रियागत क्षयीकरणको सूचक बन्यो । शीर्षस्थ नेताहरूको अनुपस्थितिले संविधान लेखन प्रक्रियालाई असर गरेको कुरा प्रारम्भिक चरणमा नै संविधानसभाध्यक्ष सुभाष नेम्वाङले औँल्याएका थिए । नेताहरूलाई निम्त्याउँदै उनले भनेका थिए, संविधानसभाको सत्रहरूमा शीर्षस्थ नेताहरूले भाग लिएमा संविधान लेखनलाई फाइदा पुग्छ र त्यो प्रभावकारी हुन्छ ।[२०] शीर्षस्थ नेताहरूको न्यून उपस्थिति संविधानसभाका महत्वपूर्ण अंग मानिएको विषयगत समितिहरूमा पनि नगन्य रहनु उति आश्चर्यजनक भएन ।[२१] सबै दलका शीर्षस्थ नेताहरू सदस्य रहेको संवैधानिक समितिकै[२२] बैठकहरूमा पनि उनीहरू प्रायः अनुपस्थित रहे ।[२३] संवैधानिक कानुनका जानकार अधिवक्ता विपिन अधिकारीले भने जस्तै नेताहरूको अनुपस्थितिले विभिन्न समितिहरूमा निर्णायक सहमति असम्भव बन्यो ।[२४]

शुरूदेखि नै शीर्षस्थ नेताहरूको अनुपस्थितिले संविधानसभाको गरिमा र प्राधिकार घटेको बुझ्न जरूरी छ ।[२५] विशेषगरी दसओटा बैठकमा लगातार नआउनुअघि पूर्वजानकारी गराउनु पर्ने, त्यसो नगरे फर्किएको तीन दिनभित्र स्पष्टीकरण दिनु पर्ने प्रावधानलाई नेताहरूले लत्याएर संविधानसभाको नियम-कानुन[२६]को अपहेलना गरे । यस्ता कार्य मूलतः संविधानसभाको गरिमा विपरीत थियो ।[२७]

नेपालमा प्रचलित राजनीतिक संस्कारले यस्तो प्रवृत्तिलाई बढावा दियो ।[२८] पहिल्यै औँल्याएअनुसार, यदि नियम-कानुन उल्लंघन गरेमा के गर्ने भन्ने विषयमा संविधानसभाका नियम-कानुनहरू मौनप्रायः रहेकाले कारवाही गर्ने पूर्ण अधिकार सभाध्यक्ष र सम्बन्धित समितिका अध्यक्षहरूमा नै निहित थियो । समितिका अध्यक्षहरूसँग अझ त्यस्ता सदस्यहरूलाई समितिबाट बर्खास्त गर्ने र सो निर्णयको जानकारी संविधानसभामा गराउने अख्तियारी थियो । अन्तरिम संविधानमा पूर्वसूचनाबिना दसओटा बैठकमा निरन्तर अनुपस्थित रहे संविधानसभाको सिट खालि भएको ठहर्थ्यो । तर न समितिका अध्यक्षहरूले न त सभाध्यक्ष सुभाष नेम्वाङले नै राजनीतिक नेताहरूउपर यस्तो कारवाही थाले ।

---

[२०] विस्तृत विवरणको लागि मार्टिन चौतारीको *नीति पत्र* २, 'सुस्त गतिमा संविधान निर्माण प्रक्रिया', कात्तिक २०६६, पृ. ३-४ हेर्नुहोस् ।

[२१] संविधान लेखनको प्रक्रियामा विशिष्ट पक्षहरूको जिम्मेवारी बाँडफाँड गर्न संविधानसभालाई ११ विषयगत समितिमा विभाजन गरिएको थियो ।

[२२] संवैधानिक समितिको दुइटा जिम्मेवारी थियो । पहिलो विषयगत समितिको प्रतिवेदन तयार पार्ने र दोस्रो सबै समितिको मस्यौदालाई मिलाएर संविधानको एउटा मस्यौदा बनाउने । साना दलहरूका दबाबको कारण संवैधानिक समितिको सदस्य संख्या प्रारम्भमा प्रस्तावित १५ बाट ६३ सम्म पुगेको थियो । थप जानकारीको लागि मार्टिन चौतारीको *नीति पत्र* १, 'संविधान निर्माण प्रक्रिया', जेठ २०६६, पृ. ५ हेर्नुहोस् ।

[२३] शरदसिंह भण्डारी (महोत्तरी), विजयकुमार गच्छेदार र पुष्पकमल दाहाल क्रमशः २१ प्रतिशत, २४ प्रतिशत र २७ प्रतिशत उपस्थिति-दरसहित संवैधानिक समितिमा धेरै गयल हुनेमा अग्रपंक्तिमा रहे ।

[२४] Adhikari, Bipin. 2012. *The Status of Constitution Building in Nepal*. Kathmandu: Nepal Constitution Foundation (NCF), p. 28.

[२५] मार्टिन चौतारीले तत्कालीन सभासद्सँग गरेको अन्तर्वार्ता, ९ फागुन २०६६ ।

[२६] विस्तृत विवरणको लागि मार्टिन चौतारीको *नीति पत्र* ४, 'संविधानसभामा उपस्थिति र सहभागिता', असोज २०६७, पृ. ६-८ हेर्नुहोस् ।

[२७] विदाको लागि उनीहरूले बुझाएको अघि र पछिका निवेदनहरूको तालमेल नमिलेको विषयले सञ्चारजगतमा चर्चा पाएपछि राजनीतिक दलहरूले आवश्यक कागजपत्र बुझाएका थिए । तथापि त्यस्तो अभ्यासको आयु छोटो रह्यो ।

[२८] विस्तृत विवरणको लागि मार्टिन चौतारीको *नीति पत्र* ४, 'संविधानसभामा उपस्थिति र सहभागिता', असोज २०६७, पृ. ८ हेर्नुहोस् ।

नेपाली राजनीतिमा छाएको तहगत संरचनाले गर्दा यस्तो कदम चाल्नु कठिन थियो । आफ्नो कमजोर भूमिका तथा अधिकारको उपयोग गर्दै दलका नेताहरूलाई निर्णयतिर डोऱ्याउन हच्किएको र/वा संविधानसभाको प्राधिकारको संरक्षण गर्न नसकेकोले संविधानसभाको विघटनपछि सुभाष नेम्वाङ प्रशस्तै आलोचित रहे ।[२९] पूर्व-संविधानसभा अन्तर्गत एक समितिका पूर्व सचिवका अनुसार संविधानसभालाई 'टावरिङ पर्सनालिटि'ले नेतृत्व दिनु पर्थ्यो । नेम्वाङ आफ्नो पार्टीका नेता त के केन्द्रीय समिति सदस्य समेत थिएनन् ।[३०] त्यसैले उनलाई त्यो दलको महत्त्वपूर्ण बैठकहरूमा डाकिएन र कतिपय अवस्थामा उनी कुइराको काग जस्तै रहनु पऱ्यो ।[३१] आफ्नो अधिकार प्रयोग गर्ने हिच्किचाहट र अनिच्छा नेम्वाङमा रहनुको अलावा, नेताहरूले उनलाई निरन्तर पाखा लगाउँदै उनले प्रतिनिधित्व गरेको संस्थाको वैधानिक प्राधिकार र सार्वभौमिकतालाई अवमूल्यन गरेको प्रस्ट छ ।

संविधानसम्बन्धी महत्वपूर्ण निर्णय संविधानसभाबाट नगरेपछि संविधानसभाको प्राधिकार झन् खकिस्यो । एक सभासद्ले वि.सं. २०६६ मा भनेका थिए, "अन्ततः सबै कुरा मिलाउन सकिन्छ भनेर दलका नेताहरू जहिले पनि निर्धक्क थिए ।"[३२] संविधानको मस्यौदासँग सम्बन्धित अप्ठ्यारा र ठूला विषयहरूलाई राजनीतिक नेताहरूले नै मिलाउने विकल्प राजनीतिमा विद्यमान तहगत संरचनाका कारण स्वाभाविक बन्यो । प्रारम्भदेखि नै दुइटा प्रक्रिया समानान्तर रूपमा विद्यमान थियो - एउटा संविधानसभाभित्र र अर्को बाहिर । अधिवक्ता विपिन अधिकारीका अनुसार लामो बहसपछि समितिमा सहमति भइसकेको बुँदामा समेत शीर्षस्थ नेताहरूले संविधानसभाबाहिर फेरि विवाद उठाए ।[३३] सन् २०१२ मा इन्टरनेसनल क्राइसिस् ग्रुपले नेपालबारे प्रकाशित गरेको प्रतिवेदन अनुसार, "असहमति रहेका सवालहरूमा मतदान गर्न सकिने प्रावधान संविधानसभामा हुँदाहुँदै शीर्षस्थ नेताहरूलाई ती मतभेद मिलाउन गुहारियो र तिनीहरूले जहिले पनि अनौपचारिक तवरमा सभाभन्दा बाहिर मिलोमतो गरे ।"[३४]

संविधानसभामा उपस्थित हुन नचाहनु तर सहमति जुटाउन बाहिर भेट्न सधैँ तयार हुनुलाई पूर्व-संविधानसभाका एक सदस्यले भनेझैं नेताहरूले "आफूलाई संविधानभन्दा माथि राखे" भन्ने कुराको दृष्टान्त हो ।[३५] संविधानसभाको प्रक्रियालाई सभाबाहिर पुऱ्याउनाले जनताले छानेका प्रतिनिधिमा निहित संविधान लेख्ने अधिकार जनताद्वारा अस्वीकृत नेताहरूमा सऱ्यो । महत्वपूर्ण राजनीतिक नेताहरू संविधानसभाको निर्वाचनमा पराजित भएका थिए । अझ प्रस्ट भन्नु पर्दा, सुशील कोइराला, माधवकुमार नेपाल, खड्गप्रसाद ओली, अर्जुननरसिंह केसी, वामदेव गौतम र ईश्वर पोखरेल जस्ता संविधानसभा निर्वाचनमा हारेका नेता नै राजनीतिक सहमति र विवादित विषयहरू मिलाउन जुटे ।[३६] तसर्थ पूर्व-संविधानसभाका सदस्यहरूले नै स्वीकारेझैं 'सहमति'ले वैधानिकता दिएको राजनीतिक संस्कारले उनीहरूको भूमिकालाई खुम्च्यायो र संविधान लेखनका स्थापित एवं लोकतान्त्रिक प्रक्रियालाई इन्कार गऱ्यो ।[३७]

संविधानसभाका सदस्यहरूले लामो समय अघिदेखि असहमतिका बुँदाहरूलाई मतदानबाट हल गर्न माग गरेका थिए ।[३८] तर संवैधानिक समिति र पुष्पकमल दाहालले नेतृत्व गरेको उप-समितिले बैठकको एजेण्डा र मतदानको विधि प्रस्ताव गर्ने जिम्मेवारी पाए पनि त्यस्तो प्रस्ताव कहिल्यै ल्याएनन् । बैठक पनि कहिल्यै बसेनन् ।[३९] पूर्व-संविधानसभाअन्तर्गत एक समितिका पूर्व सचिवका अनुसार १५ जेठ २०६९ को म्याद बित्न चार दिन मात्र बाँकी छँदा पनि एमालेका माधवकुमार नेपाल र नेकाँका रामचन्द्र पौडेलले मतदानद्वारा असहमतिका बुँदा संविधानसभामा हल गर्ने विकल्प मानेनन्,[४०]

---

[२९] व्यापक आलोचनाबीच नेम्वाङको आफ्नै प्रतिरक्षाको लागि हेर्नुहोस्, खनाल, दुर्गा । २०६९ । 'सेरेमोनियल' सभाध्यक्ष । *कान्तिपुर*, १७ जेठ, पृ. ७ ।

[३०] संविधान सभाध्यक्षको पदभार सम्हालेपछि नेम्वाङले केन्द्रीय समितिबाट राजिनामा दिनु परेको थियो ।

[३१] मार्टिन चौतारीले पूर्व-संविधानसभा अन्तर्गत एक समितिका पूर्व सचिवसँग गरेको अन्तर्वार्ता, १५ असार २०६९ ।

[३२] मार्टिन चौतारीले तत्कालीन सभासद्सँग गरेको अन्तर्वार्ता, ९ फागुन २०६६ ।

[३३] Adhikari, Bipin. 2012. *The Status of Constitution Building in Nepal*. Kathmandu: Nepal Constitution Foundation (NCF), p. 28.

[३४] ICG. 2012. *Nepal's Constitution (I): Evolution Not Revolution*. Crisis Group Asia Report N°233, 27 August 2012, p. 6. संविधान लेखन कार्यको निश्चित अभिभारा दिइएका विभिन्न निकाय, जस्तै राज्य पुनर्संरचना आयोग, आइसिजीको प्रतिवेदनले थप भनेको छ : "जे भए पनि यी निकायहरू कि त ओझेलमा परे कि त अलमलिए अनि सहमति गर्न नेताहरूलाई आग्रह गरिएको कारण निर्णय-प्रक्रिया केही नेताहरूमा सीमित भएको छ" पृ. ७ ।

[३५] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १९ असार २०६९ ।

[३६] एक पूर्व-सभासद्को तर्कअनुसार यस्ता व्यक्तिहरूको मनोवृत्तमा उनीहरू बेगरको संविधानसभा अनावश्यक थियो । मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १२ असार २०६९ ।

[३७] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरको अन्तर्वार्ता, १२ असार र १९ असार २०६९ ।

[३८] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १२ असार र १९ असार २०६९ । साथै हेर्नुहोस्, खनाल, दुर्गा । २०६९ । 'सेरेमोनियल' सभाध्यक्ष । *कान्तिपुर*, १७ जेठ, पृ. ७ ।

[३९] नेम्वाङले तर्क गरेअनुसार असहमतिका कारण यी बैठकहरू बसेनन् । तथापि यी सवालहरूमा पुष्पकमल दाहालबाट किन मतदानको प्रस्ताव हुन सकेन भन्ने सन्दर्भको चर्चा गरिएन । हेर्नुहोस्, खनाल, दुर्गा । २०६९ । 'सेरेमोनियल' सभाध्यक्ष । *कान्तिपुर*, १७ जेठ, पृ. ७ ।

[४०] मार्टिन चौतारीले पूर्व-संविधानसभाअन्तर्गत एक समितिका पूर्व सचिवसँग गरेको अन्तर्वार्ता, १५ असार २०६९ । ।

जबकी सभासद् सपना प्रधान मल्लले सो विकल्पलाई उचित ठानेकी थिइन् ।[४१]

संविधानसभाको अवसानपछि षड्यन्त्रका धेरै कुरा चर्चामा आएका छन् ।[४२] संविधानसभा भित्र र बाहिर रहेका सीमान्तकृत समूहहरूमध्ये केहीले औँल्याएअनुसार संविधानसभा विघटन गर्न चाहने[४३] र संविधानसभामार्फत् संविधान बन्न नदिनेहरू त्यहाँ जहिले पनि थिए ।[४४] संवैधानिक मामिला विशेषज्ञ पूर्णमान शाक्यले औँल्याएअनुसार विषयगत समितिहरूको प्रतिवेदनमा आमूल परिर्वतनको पक्षमा दह्रो भावना राखेका बुँदा देखेर नेताहरू भयभित भए[४५] र त्यसपछि समग्र संविधान लेखनको प्रक्रियालाई भाँज्ने उपायहरू तिनले खोजे ।[४६] नेकाँ, एमाले, संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र एनेकपा (माओवादी) का चार शीर्षस्थ नेताहरूबीच कुरा अड्किएपछि पूर्व-संविधानसभाका अर्का सदस्यले भने, "यदि संविधान बनाउने कार्य उहाँहरूले मात्रै गर्ने भए हामी किन चाहियो ?"[४७]

संविधानसभाका अन्तिम क्षणहरूमा क्षयीकरणका विविध आयामहरू झल्कियो । नेताहरू के गर्दै छन् भन्नेबारे सभासद्हरू अँध्यारोमा थिए ।[४८] र तीमध्ये धेरैजना सञ्चारमाध्यमबाट प्रसारित समाचारमा बढी निर्भर थिए ।[४९] न सभाध्यक्ष न त दलका नेताहरू संविधानसभा प्रांगणमा आए ।[५०] सभासद्हरूलाई लाग्यो कुर्नु बाहेक उनीहरूसँग अर्को विकल्प छैन ।[५१] पूर्व-संविधानसभाका एक सदस्यले भने, "जेठ १४ गते साँच्चै हामी अभिभावकविहिन विचल्लीमा परेका केटाकेटी सरह भएका थियौँ सभा भवनमा ।"[५२]

राजनीतिक सम्भ्रान्तहरू आफैँले बनाएको नियम र प्रक्रियालाई गरेको सहमतीय उल्लङ्घन, संविधानसभामा तिनीहरूको अनुपस्थिति, सभाको निर्णय-प्रक्रियालाई अवमूल्यन गर्दै बाहिर मिलोमतो गर्ने कार्यले गर्दा तथा निर्वाचित सदस्यहरूले प्रकाश पारे झैँ दलका नेताहरूले सबै तवरबाट संविधानसभालाई मुलुकको सार्वभौम र संवैधानिक प्राधिकार भएको संस्था मान्न अस्वीकार गरे ।

निर्वाचन अयोगका पूर्वआयुक्त भोजराज पोखरेल भन्छन् :

> एकपटक निर्वाचन सम्पन्न भएपछि निर्णय-प्रक्रिया संविधानसभामा निहित हुनु पर्थ्यो तर सभालाई सुचारु रूपमा चल्न दिइएन । के भयो भने निर्णय-प्रक्रिया र मूल सवाललाई नेताहरूले अपहरण गरे, संविधानसभाभन्दा बाहिर रहेका नेताहरूले कुराको निर्णय गर्ने भए । नेताहरूले संघीयताको सवालमा सहमति जुटाउन सकेनन् तर तिनीहरूले सभामार्फत् निर्णय गर्न पनि दिएनन् । अन्ततः राजनीतिक नेतृत्व-समूहबीच सहमति जुटाउनु पर्ने आवश्यकताले नै संविधानसभामार्फत् संविधान बनाउने कार्य सफल भएन ।[५३]

## निष्कर्ष

संविधानसभाको प्रस्तावित नयाँ निर्वाचनले अनेकौँ सवाल उठाउँछ ।[५४] चुनावी आँकलनसँगै नयाँ सवालहरू, गठबन्धनको जोडघटाउ र नयाँ कर्ताहरूको अपेक्षा बढ्दो छ । तर २०६५-२०६९ को अवधिमा संविधानसभा र संविधान लेखन प्रक्रिया गैर-लोकतान्त्रिक, अपारदर्शी, असमावेशी र अनुत्तरदायी तरिकाले चल्यो भनेर बुझ्न जरूरी छ ।

पुरानो संविधानसभा प्रारम्भमा अपेक्षा गरेअनुरूप कहिल्यै चलेन । संविधानसभालाई एउटा ऐतिहासिक अवसरको रूपमा - जहाँ नागरिकहरूले पुरानो राज्य र सामाजिक संरचनालाई भत्काएर नयाँ न्यायपूर्ण र समावेशी नेपाल बनाउने जग आफैँ हाल्नेछन् भन्ने - सबैले सोचेका थिए । मार्टिन चौतारीको विगतका *नीति*

---

[४१] मल्ल, सपना प्रधान । २०६९ । अन्त्यहीन संविधानसभा । *कान्तिपुर*, ११ जेठ, पृ. ६ ।

[४२] Basnet, Gyan. 2012. Investigate This. *The Kathmandu Post*, 4 June, p. 6.

[४३] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १७ असोज २०६९ ।

[४४] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १७ र १८ असोज र १८ कात्तिक २०६९ । अधिकारी, रविन्द्र । २०६९ । एक पूर्वसभासद्को बयान । *कान्तिपुर* (कोसेली), ९ असार, पृ. ङ ।

[४५] धेरैले औँल्याएअनुसार प्रारम्भिक दुई वर्षमा सभासद्हरूले आफूसँग सम्बन्धित समितिमा मस्यौदा लेखनको धेरै काम गरिसकेका थिए । विषयगत समितिका उपस्थिति लगतले शीर्षस्थ नेताहरूको अनुपस्थितितर्फ मात्र इंगित गर्ने होइन कि संविधानसभाका 'सामान्य' सदस्यहरूको नियमित उपस्थिति पनि देखाउँछ ।

विघटित संविधानसभाका एक माओवादी प्रतिनिधिकाअनुसार परिवर्तन पक्षधरहरूको प्रतिनिधित्व मस्यौदा समितिहरूमा धेरै भएकोले ती समितिका प्रतिवेदनमा समेटिएको समानता र सामाजिक न्यायका सिद्धान्तहरू वर्तमान यथास्थितिवादभन्दा भिन्न थिए । मार्टिन चौतारीले पूर्व-सभासद्सँग लिएको अन्तर्वार्ता, २१ जेठ २०६९ ।

[४६] पूर्णमान शाक्य एक सार्वजनिक सम्भाषण कार्यक्रममा । "Review of the four year period of CA and the preview of the declared 'CA election'" 56th Late Dr. Harka Gurung Lecture series, Centre for Ethnic and Alternative Development Studies (CEADS), 1 June 2012.

[४७] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १६ असार २०६९ ।

[४८] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १२ असार २०६९ ।

[४९] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १६ असार २०६९ ।

[५०] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १२ असार २०६९ ।

[५१] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १२ असार २०६९ ।

[५२] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १९ असार २०६९ । राजनीतिक शक्तिको पिँधमा रहेकाहरूलाई बालकलाई झै व्यवहार गर्ने वर्चश्वशालीहरूको उचनीचको मनोवृत्ति यस प्रतीकात्मक अभिव्यक्तिमा राम्ररी उजागर भएको छ ।

[५३] Nepal: "Constitution Building Hijacked by the Need for Consensus." http://www.idea.int/asia_pacific/nepal/nepal-constitution-building-hijacked-by-the-need-for-consensus.cfm (Accessed on 25 January 2013).

[५४] मतदाता नामावली दर्तासम्बन्धी विश्लेषणको लागि हेर्नुहोस् The Carter Center. 2012. Fifth Interim Statement on the Election Commission of Nepal's "Voter Register with Photograph" Program. 28 February.

*पत्र*ले संविधानसभामा भएका गैर-लोकतान्त्रिक र असमावेशी अभ्यासहरूलाई उजागर गरेको छ ।[५५] त्यसमध्ये यी प्रमुख हुन् : गणसंख्याको आधारमा बोल्ने समय वितरण गरिएको ठूला दलहरूले अगाडिका पंक्तिहरू ओगटे र बोल्नको लागि धेरै समय छुट्ट्याए, सीमान्तीकृत समुदायकाले उनीहरूको प्रतिनिधित्वको तुलनामा बोल्ने समय कम पाए, विद्यमान राजनीतिक तहगत संरचना र पार्टी ह्वीपको प्रथा र नियम-कानुनको सन्दर्भमा जनाइएको मौनतामार्फत् दलका नेताहरूले सभासद्हरूलाई आफ्नो विवेक प्रयोग गर्नबाट रोकेर पार्टी लाइनलाई अनुमोदन गराए । समग्रमा भन्नुपर्दा संविधानसभाका नियम-कानुन पनि नेताहरूले आफ्ना दलका सदस्यहरूलाई सजिलो गरी नियन्त्रण गर्न, पार्टीको तहगत संरचनालाई कायम राख्न र सीमान्तकृतहरूलाई बहिष्कृत राख्न बनाए ।

नेपाली राजनीतिमा 'सहमति' समस्याको रूपमा देखा परेको छ । यसको नाममा राजनीतिक गतिरोध मात्र होइन, समग्र नेपालमा लोकतान्त्रिक नियम र प्रक्रियालाई अवमूल्यन गर्ने कार्य भयो । अझ खासगरी संविधान लेखन प्रक्रिया 'सहमति' कै नाममा शिथिल भयो । संविधानसभा बाहिर सार्वजनिक जोडघटाउ चल्न थाल्यो । 'सहमति' ले संविधानसभाको सार्वभौम प्राधिकार अपदस्थ भयो । यस्तो सन्दर्भमा नयाँ संविधानसभा कसरी बेग्लै तरिकाले चल्छ भन्ने स्पष्ट भएन र पूर्व-संविधानसभाका एकजना सदस्यले भने झैँ अर्को निर्वाचित सभामा नियम र प्रक्रियाको पालन गरिन्छ भन्ने कुनै प्रत्याभूति भएन ।[५६]

संविधानसभाको लोकतान्त्रिक र प्रक्रियागत समस्याहरूको पूरा समीक्षा यहाँ सम्भव छैन ।[५७] तथापि केही न्यूनतम लोकतान्त्रिक विचार र प्रक्रियामा ध्यान पुऱ्याउन जरूरी छ : प्रमुख राजनीतिक दलहरूले विशेष ग्राह्यता नपाउन् भनेर संविधानसभाको नियम-कानुन बनाउने, संविधानसभाभित्रै पार्टी ह्वीपको भूमिकालाई पुनःछलफल गर्ने र लोकतान्त्रिक संवादको प्रक्रियामा सबै सभासद्हरूको समान राजनीतिक स्तर रहेको कुरामा जोड दिँदै संविधानसभाभित्रै दलभित्रको श्रेणीगत विभेद हटाउने ।[५८] अझ नयाँ संविधानसम्बन्धी सम्पूर्ण राजनीतिक निर्णय निर्वाचित सभाका विजयी प्रतिनिधिहरूले कानुन र प्रक्रियागत प्रावधानअनुसार लोकतान्त्रिक तरिकाबाट गर्नुपर्छ । बहुमतको सिद्धान्त नभएर 'सहमति' को बाटोलाई नै नयाँ संविधानमा छानियो भने मुद्दाहरू र प्रस्तावहरू पहिला संविधानसभाभित्रै प्रस्तुत एवं मतदान गर्ने, त्यसपछि 'सहमति' को सिद्धान्त प्रयोग गरिनु पर्छ ।[५९] नयाँ संविधानसभाका सदस्यहरूले पनि संविधान लेखनलाई प्रक्रियासम्मत बनाउन र सुनिश्चित गर्न पहल गर्नु पर्छ ।[६०] उदाहरणको लागि संविधानसभाको कानुन र नियमावलीमा संविधानसभा आचारसंहिता अनुगमन समिति बनाउने प्रावधान छ ।[६१] धारा १४५, उपधारा (१) मा आचारसंहिता उल्लंघनबारे सार्वजनिक रूपमा उठेको कुरा वा सूचनाउपर आवश्यक छानविन गर्ने अख्तियारी छानविन समितिलाई छ । यसभित्र नियम मान्ने र समिति र सत्रमा एवं त्यहाँ हुने मतदानमा सहभागिता जनाउने दायित्व पनि पर्छ । यस्तो सूचना उपलब्ध नगराइएकोले पछिल्लो संविधानसभामा अनुगमन समिति गठन भएन ।

निर्वाचन भनेको नेपालीहरूको लागि लोकतान्त्रिक नवीकरणको अवसर हुन सक्छ । तथापि संविधानसभाको भर्खरको इतिहासले हामीलाई के शिक्षा दिएको छ भने संविधानसभा निर्वाचनलाई लोकतान्त्रिक उत्तरदायित्वको एकमात्र स्रोतको रूपमा हेरिनु पर्याप्त हुँदैन । लोकप्रिय एवं लोकतान्त्रिक संविधान भोलि कसरी लेखिन्छ भनेर आज नै सतर्कतासहित सोच्नु अत्यावश्यक छ ।

❖

---

[५५] विस्तृत विवरणको लागि मार्टिन चौतारीको *नीति पत्र* १, 'संविधान निर्माण प्रक्रिया', जेठ २०६६ र *नीति पत्र* २, 'सुस्त गतिमा संविधान निर्माण प्रक्रिया', कात्तिक २०६६ ।

[५६] मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १२ असार २०६९ ।

[५७] संविधानसभा किन असफल भयो भनेर छानविन गर्न बस्नेतले एक स्वतन्त्र, निष्पक्ष र गैर-राजनीतिक छानविन आयोग गठनको माग गरेका छन् । Basnet, Gyan. 2012. Investigate This. *The Kathmandu Post*, 4 June, p. 6.

[५८] राजनीतिक दलमा श्रेणीगत विभेदको महत्व यतिसम्म छ कि एक गैर-माओवादी राजनीतिक दलको नेताले पुष्पकमल दाहालको न्यून उपस्थितिको प्रतिरक्षामा भने, "नियमित रूपमा उपस्थित हुने सभासद्हरूभन्दा थोरै बैठकमा सहभागी भएर दाहालले धेरै निर्णय गर्न र प्रभाव पार्न सक्छन् ।" यसले लोकतान्त्रिक प्रक्रिया र समान सदस्यहरूबीच गरिने संवादको महत्त्वलाई प्रस्टसँग नकार्छ । मार्टिन चौतारीले पूर्व-सभासद्सँग गरेको अन्तर्वार्ता, १६ साउन २०६८ ।

[५९] ICG. 2012. *Nepal's Constitution (I): Evolution Not Revolution*. Crisis Group Asia Report N°233, 27 August 2012, p. 23.

[६०] आइसिजिले औँल्याएअनुसार, सभासद्हरू आफै पनि दोषका भागिदार हुन्, "जुन कार्यको लागि सभासद्हरू निर्वाचित भएका थिए तिनै अप्ठ्यारा मुद्दाहरूमा सभासद्हरूलाई छलफल गर्न र निकासको पहल गर्नबाट रोक्ने कार्यले - *र पाखा लगाइँदा उनीहरूले नियतिको रूपमा स्वीकार्नुले* - सम्पूर्ण शान्ति प्रक्रियालाई नै कमजोर बनायो (जोड थपिएको) ।" International Crisis Group. 2012. *Nepal's Constitution (I): Evolution Not Revolution*. Crisis Group Asia Report N°233, 27 August 2012, p. 6.

[६१] विस्तृत विवरणको लागि मार्टिन चौतारीको *नीति पत्र* ४, 'संविधानसभामा उपस्थिति र सहभागिता', असोज २०६७ हेर्नुहोस् ।

## मार्टिन चौतारीका पछिल्ला प्रकाशन

43. *समावेशीकरण : राजनीतिक दल, राज्य र मिडिया* (सन् २००८)
अनुभव अजीत, सं.
44. *नेपाली बालवाङ्मय परिचयकोश* (सन् २००८)
प्रमोद प्रधान
45. *Changing Livelihoods: Essays on Nepal's Development since 1990* (2008)
Jagannath Adhikari
46. *Food Crisis in Karnali : A Historical and Politico-economic Perspective* (2008)
Jagannath Adhikari
47. *माओवादी सङ्घर्ष : शान्तिपूर्ण रूपान्तरण* (सन् २००८)
भास्कर गौतम र चिरन मानन्धर, सं.
48. *स्वतन्त्र रेडियोको एक दशक : विकास, बहस र सामाजिक सरोकार* (सन् २००८)
देवराज हुमागाईं, प्रत्यूष वन्त र कोमल भट्ट, सं.
49. *राज्य पुनर्संरचना : राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोण* (सन् २००८)
कृष्ण खनाल, झलक सुवेदी र मुक्तसिंह तामाङ
50. *नेपाली टेलिभिजन : अभ्यास, अनुभूति र विश्लेषण* (सन् २००८)
दीपा गौतम र शेखर पराजुली, सं.
51. *रेडियो नेटवर्क : अभ्यास, अन्तर्वस्तु र स्थानीय प्रभाव* (सन् २००९)
देवराज हुमागाईं, कोमल भट्ट र हर्षमान महर्जन
52. *जैविक विविधता र जनजीविका* (सन् २००९)
हरिप्रसाद ढुङ्गाना, जगन्नाथ अधिकारी र शरद घिमिरे, सं.
53. *मिडिया अध्ययन ४* (सन् २००९)
शेखर पराजुली, प्रत्यूष वन्त र देवराज हुमागाईं, सं.
54. *तराई-मधेस : सन्दर्भ ग्रन्थ* (सन् २००९)
तीर्थ विष्ट र चिरन मानन्धर, सङ्कलक
55. *Education in Nepal: Problems, Reforms and Social Change* (2009)
Pramod Bhatta, ed.
56. *Developing Alternative Media Traditions in Nepal* (2009)
Michael Wilmore
57. *राज्य पुनःसंरचना र संविधानसभा : सन्दर्भ ग्रन्थ* (सन् २००९)
कैलाश राई र चिरन मानन्धर, सङ्कलक
58. *मिडिया अध्ययन ५* (सन् २०१०)
देवराज हुमागाईं, शेखर पराजुली र प्रत्यूष वन्त, सं.
59. *Out Here in Kathmandu: Modernity on the Global Periphery* (2010)
Mark Liechty
60. *मिडिया तालिम : नेपाली अभ्यासको लेखाजोखा* (सन् २०१०)
देवराज हुमागाईं, शेखर पराजुली, हर्षमान महर्जन र अर्जुन पन्थी
61. *नेपाली सेना : नागरिक नियन्त्रणका चुनौती* (सन् २०१०)
सुधीर शर्मा, सं.
62. *History as Mindscapes: A Memory of the Peasants' Movement of Nepal* (2010)
Yogesh Raj
63. *नेपालीय हुनलाई...* (सन् २०११)
सीके लाल
64. *Looking at Development and Donors: Essays from Nepal* (2011)
Devendra Raj Panday
65. *मिडिया अध्ययन ६* (सन् २०११)
देवराज हुमागाईं, शेखर पराजुली, प्रत्यूष वन्त र हर्षमान महर्जन, सं.
66. *उच्चशिक्षामा सहभागिता : असमानताका सामाजिक आयाम* (सन् २०११)
प्रमोद भट्ट, सं.
67. *नेपाली राष्ट्रियता : चिन्तन र अभिव्यक्ति* (सन् २०१२)
रमेश पराजुली, सं.
68. *To be a Nepalese...* (2012)
CK Lal
69. *मिडिया अध्ययन ७* (सन् २०१२)
देवराज हुमागाईं, प्रत्यूष वन्त, अर्जुन पन्थी, हर्षमान महर्जन र शेखर पराजुली, सं.
70. *Autocratic Monarchy: Politics in Panchayat Nepal* (2012)
LS Baral
71. *क्रमभङ्ग र सम्भार : नेपाली इतिहासलेखनमा हस्तक्षेपका नयाँ सन्दर्भ-विन्दु* (सन् २०१२)
योगेश राज
72. *Eloquent Hills: Essays on Nepali Literature* (2012)
Michael Hutt
73. *नेपाली मिडियामा दलित : सहभागिता र विषयवस्तु* (सन् २०१३)
जेबी विश्वकर्मा
74. *Discourses of Awareness: Development, Social Movements and the Practices of Freedom in Nepal* (2013)
Tatsuro Fujikura
75. *मिडिया अध्ययन ८* (सन् २०१३)
देवराज हुमागाईं, प्रत्यूष वन्त, शेखर पराजुली, हर्षमान महर्जन र अर्जुन पन्थी, सं.

## मार्टिन चौतारी

मार्टिन चौतारी अनौपचारिक छलफल समूहका रूपमा सन् १९९१ मा स्थापना भएको हो । त्यतिबेला विकासे कार्यकर्ता र प्राज्ञिक व्यक्तिहरू पाक्षिक रूपमा भेटी समसामयिक विषयमा आ-आफ्ना धारणा र अनुभव साटासाट गर्थे । यस छलफल समूहका संस्थापकमध्येका एक– मार्टिन हफ्टनको देहावसानपछि सन् १९९५ मा उक्त अनौपचारिक समूहलाई मार्टिन चौतारी नाम दिइयो । सामाजिक विकास तथा अनुसन्धान केन्द्रको व्यवस्थापनमा छ वर्ष रहेपछि सन् २००२ मा मार्टिन चौतारी छुट्टै गैरसरकारी संस्थाको रूपमा काठमाडौँमा दर्ता भयो ।

चौतारीको सुरु देखिकै उद्देश्य सार्वजनिक संवाद र सार्वजनिक बहसको गुणस्तर उकास्नु हो । नेपालमा बहस र अन्तर्क्रियाको अभ्यास निकै कम हुने बेलामा स्थापित मार्टिन चौतारी अहिले पनि अनौपचारिक तर गहन सार्वजनिक छलफल गर्ने थलोका रूपमा देशभर परिचित छ । यहाँ सातामा तीन दिन विविध विषयहरूमा छलफल हुन्छ । यसबाहेक यसले मिडिया, सुशासन र प्रजातन्त्र, शिक्षा र जीविकोपार्जनका विषयमा लैंगिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोणसहित अनुसन्धान गर्दै आएको छ । युवा अनुसन्धातालाई अनुसन्धानको व्यावहारिक प्रशिक्षण दिने काम (मेन्टरिङ) पनि चौतारीको अभिन्न पाटो हो ।

अहिलेसम्म चौतारीले वार्षिक जर्नल *मिडिया अध्ययन* लगायत ७५ ओटा पुस्तक प्रकाशन गरिसकेको छ । मण्डला बुक प्वाइन्टले प्रकाशन गर्ने जर्नल *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*को सम्पादकीय गृह पनि चौतारी हो । सन् २००६ देखि मार्टिन चौतारीले अनुसन्धान पुस्तकालय र मिडिया डकुमेन्टेसन सेन्टर सार्वजनिक उपयोगका लागि खुला गरेको छ । पुस्तकालयमा १९ हजारभन्दा बढी पुस्तक छन् जसमध्ये एक चौथाई मिडियासम्बन्धी छन् ।

मार्टिन चौतारीका पाँच काम–छलफल, अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय–आपसमा अन्तरसम्बन्धित छन् । समष्टिमा यिनले सुसूचित संवाद र विश्लेषणमूलक अनुसन्धानमार्फत राज्य र नागरिक बीचको सामाजिक सम्बन्धलाई सबल पार्ने र समावेशी सार्वजनिक वृत्त विस्तार गर्ने चौतारीको मुख्य उद्देश्यलाई सघाइरहेका छन् ।

**बाट :** मार्टिन चौतारी
२७ जीतजङ्ग मार्ग, थापाथली
पो.ब.नं. १३४७०
काठमाडौँ, नेपाल
टेलिफोन : + ९७७-१-४१०२०२७/४२३८०५०
फ्याक्स : + ९७७-१-४२४००५९
इमेल : chautari@mos.com.np
वेब : www.martinchautari.org.np

लाई : ____________________
____________________
____________________
____________________
____________________